**सम्वत २०७६ साल असोज ७ गते मंगलबार दिनको ०३:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. ३, हेटौंडा, मकवानपुरमा बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरुको मुख्य व्यहोरा देहायबमोजिम रहेको छ -**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रदेश सर्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७६ स्वीकृत गर्ने ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रदेशमा कार्यरत निजामती कर्मचारीको पदस्थापन, सरुवा तथा काज सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - रामेछापको खाँडादेवी गाउँपालिकाको वडा सिमाना परिवर्तन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने।

४. भौतिक पूर्वाधार विकास मन्त्रालय - गुर्जे भञ्याङ शिवपुरी समुन्द्रादेवी पुरानो गा वि स भवन टोल रातमाटे देखि लिखु पूल महाकाली कुखुरे माने भञ्याङ दुप्चेश्वर सडक निर्माणको लागि मिति २०७६/०३/२९ मा खोलिएको बोलपत्रको मूल्याङ्कन प्रक्रियामा श्री बज्रगुरु कन्सट्रक्सन प्रा.लि.लाई समावेश नगराउन निर्देशन दिने।

५. सामाजिक विकास मन्त्रालय - प्रदेश युवा परिषद् विधेयक तर्जुमा सम्बन्धमा तयार गरिएको अवधारणापत्रको सैद्धान्तिक स्वीकृति गर्ने।

६. आर्थिक मामिला तथा योजना मन्त्रालय - आर्थिक कार्यविधि नियमावली, २०७५ को मस्यौदा मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।**